
बाल-बालिकाहरूका

निम्ति


# प्रार्थनाको करार



ब्रह्माण्डका परमेश्वर, हाम्रो सृष्टिकर्ताले हाम्रो प्रार्थना सुन्नुहुन्छ र त्यसको उत्तर दिनुहुन्छ। येशूले भन्नुभयो, 'स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ।' यसैले यदि येशूसँग सबै अधिकार छ भने तिमीले प्रार्थना गर्दा के हुनेछ भन्ने कुराको के तिमी कल्पना गर्न सक्छौ...

# अनुग्रह

स्वर्गमा हुनुहुने प्रिय पिता,
मलाई प्रेम गर्नुभएकोमा र मलाई
तपाईंको सन्तानमध्ये एक बनाउनुभएकोमा
तपाईंलाई धन्यवाद छ।





**कण्ठ गर्नुपर्ने पद**

**हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं। –1 यूहन्ना 3:1**

परमेश्वरले तिनीहरूलाई कति धैरै प्रेम गर्नुहुन्छ भन्ने कुरा सबै मानिसले जानून् भनी येशूले तिनीहरूलाई एउटा गोठालो र हराएको भेडाको दृष्टान्त भन्नुभयो। त्यो गोठालो हराएको त्यस एउटा भेडाको निम्ति यति धैरै चिन्तित भयो कि उसले अरू सबै भेडालाई छोडेर त्यो हराएको एउटालाई खोज्न गयो, किनकि उसले त्यसलाई सुरक्षित राख्न चाहन्थ्यो। भेडाहरू असहाय पशुहरू हुन्, जो कहिलेकहीं भड्केर जान्छन् र आफ्नै बाटोमा हिँड्छन्। भालु वा सिंहहरूले तिनीहरूलाई आक्रमण गर्न वा खान सक्छन्।

गोठालोको काम भेडाहरूलाई खतराबाट बचाउनु हो र उसले ठीक त्यसै गर्‍यो। जब उसले त्यो हराएको भेडा भेट्टायो, ऊ यति धैरै खुशी भयो कि उसले रमाउँदै त्यसलाई आफ्नो काँधमा राखेर र घरमा पुगेपछि ठूलो रमाहट गर्‍यो।



*येशू तिम्रो निम्ति खुशी हुँदै रमाउनुहुन्छ।*
*उहाँले आफ्नो प्रेमले तिमीलाई शान्त पार्नुहुन्छ।*
*उहाँले गाउँदै तिम्रो निम्ति रमाहट गर्नुहुन्छ।*

# प्रेम

## तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस्।

अब्राहामले परमेश्वरलाई प्रेम गरे। तिनी आजभन्दा धेरै-धेरै वर्ष अघि जिएका थिए। तिनी बूढा भएपछि परमेश्वरले भन्नुभयो, 'तेरो देश र तेरा कुटुम्ब तथा तेरा पिताको घरबाट निस्क र जुन देश म तँलाई देखाउँछु, त्यहाँ जा। म तँबाट एउटा ठूलो जाति खडा गर्नेछु, र तँलाई आशिष् दिनेछु। म तेरो नाउँ प्रसिद्ध गराउनेछु, र तँ आशिषको मूल हुनेछस्। तँद्वारा नै पृथ्वीका सबै कुलले आशिष् पाउनेछन्।'

**परमेश्वर हामीले उहाँको आज्ञापालन गरेका चाहनुहुन्छ। परमेश्वरको आज्ञापालन गरी हामी उहाँलाई प्रेम गर्छौं भन्ने देखाउँछौं।**

**कण्ठ गर्नुपर्ने पद**

**तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। महान् र प्रथम आज्ञा यही हो। - मत्ती 22:37-38**

अब्राहामले परमेश्‍वरको आज्ञापालन गरे। तिनी आफ्नी पत्नी र आफ्ना सबै सरसामान समेटेर निस्किए अनि टाढाको एउटा नयाँ घरमा गए। अब्राहामको त्यो आज्ञापालन तिनी जीवनभरि आज्ञापालन, प्रेम र विश्‍वासमा बढ्ने साहसिक कार्यको सुरुआत् मात्र थियो।




*एकसाथ येशूको आज्ञापालन गर्नु र उहाँको पछि लाग्नु एउटा रोमांचकारी यात्रा हो।*

# दया

तपाईं जसरी मलाई प्रेम गर्नुहुन्छ त्यसरी अरूहरूलाई प्रेम गर्न मलाई सहायता गर्नुहोस्।


परमेश्वरले हामीलाई प्रेम गर्नुभएझैं अरूहरूलाई प्रेम गर्नु भनेको अर्थ के हो? आऔं, हामी यो पत्ता लगाऔं। कसैले येशूलाई सोध्यो, 'मेरो छिमेकी को हो?' येशूले एउटा दृष्टान्त भन्दै त्यो कुरा बुझाउनुभयो। उहाँ कथा भन्ने एक असल व्यक्ति हुनुहुन्थ्यो।




**कण्ठ गर्नुपर्ने पद**

**मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरेँ, तिमीहरूले पनि एक-अर्कालाई त्यसरी नै प्रेम गर। - यूहन्ना 15:12**

एक जना मानिस बाटोमा गइरहेको थियो र दुष्ट मानिसहरूको एउटा दलले ऊमाथि आक्रमण गऱ्यो र उसलाई पिट्यो, ऊसँग भएका सबै थोक खोसेर लग्यो र उसलाई अधमरो पारी बाटोमा छोडेर गयो। मानिसहरू उसको छेउबाट भएर गए। तिनीहरूले कुनै दया देखाएनन्। अनि एउटा सामरी (जसलाई अरूहरूले तुच्छ ठान्थे) आयो र उसको अगाडि घुँडा टेकेर बसी उसका घाउहरू सफा गरी तिनमा पट्टी बाँधिदिँदै उसलाई स्याहार-सुसार गऱ्यो अनि उसलाई निको बनाउन एउटा सुरक्षित स्थानमा लग्यो र उसको हेरचाहका निम्ति पैसा पनि तिरिदियो।



**येशूले यसो भन्दै यो दृष्टान्त समाप्त गर्नुभयो, 'म चाहन्छु, तिमी पनि गएर चोट लागेका अरू मानिसहरूका निम्ति त्यसै गर।'**

*म मेरो बोलीवचनद्वारा मात्र होइन कामद्वारा पनि प्रेम गर्न चाहन्छु।*

# पश्चात्ताप

म मेरा पापहरूका निम्ति
दुःखी छु। मलाई धोएर
सफा तुल्याउनुहोस्।




**कण्ठ गर्नुपर्ने पद**

मेरा सबै अधर्मबाट मलाई पूर्ण रूपमा धोइदिनुहोस्
र मेरा पापबाट मलाई शुद्ध गरिदिनुहोस्। भजन 51:2

कुनै बेला एक राजा थिए, जसले आफ्ना नोकरहरूलाई बोलाएर तिनीहरूसँग उनको कति-कति ऋण छ सो सोधे। एक जना नोकर यति धेरै पैसाको ऋणी थियो जसले त्यो तिर्नै सक्दैनथ्यो। राजाले भने, 'तेरो ऋण चुकाउन म तँ र तेरो परिवारलाई दासको रूपमा बेच्नेछु।' त्यो मानिस रून थाल्यो। राजाको हृदय त्यसप्रति दयाले भरियो र उनले भने, 'तेरा सबै ऋणबाट मुक्त भइस्!'

ऋण माफी पाएर त्यो गयो र त्यसको संगी नोकर त्यसको थोरै पैसाको ऋणी भएको थाहा पायो र यदि त्यसले त्यो नतिरे त्यसलाई झ्यालखानमा हाल्ने धम्की दियो। त्यस अर्को नोकरले दयाको भीख माग्यो, तर त्यसले दया देखाएन र उसलाई झ्यालखानमा हालिदियो।




त्यो कुरा थाहा पाएर राजा धेरै रिसाए अनि गाली गर्दै भने, "मैले तेरो ठूलो ऋण माफ गरिदिएँ, तैं लेचाहिँ आफ्नो संगी नोकरप्रति किन दया देखाइनस्?" अनि राजाले त्यसलाई झ्यालखानमा हालिदिए।

*म अरूहरूलाई क्षमा दिन चाहन्छु, किनकि येशूले मलाई क्षमा गर्नुभएको छ।*

# आराधना

म मेरो सारा हृदयले तपाईंको प्रशंसा गर्नेछु।




धेरै वर्ष अघि, करिब 2000 वर्ष अघि गब्रिएल नाउँका एक स्वर्गदूत मरियम नाउँकी एउटी कन्येलाई भेटन आए। तिनीसँग एउटा विशेष सन्देश थियो। 'नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छ्यौ। अब हेर, तिमीले गर्भधारण गर्नेछ्यौ, र एउटा छोरो जन्माउनेछ्यौ, र तिमीले उहाँको नाउँ येशू राख्नेछ्यौ। उहाँ महान् हुनुहुनेछ र परमप्रधानका पुत्र कहलाइनुहुनेछ।'

**कण्ठ गर्नुपर्ने पद**

हे परमप्रभु, मेरो पूरा हृदयले म तपाईंको प्रशंसा गर्नेछु। तपाईंका सबै आश्चर्यकर्महरूको वर्णन म गर्नेछु। भजन 9:1

येशूको जन्महुँदा सबै जना खुशी भए! स्वर्गदूतहरू ओर्लेर आए र भने, 'सर्वोच्चमा परमेश्वरलाई महिमा, र पृथ्वीमा जुन मानिसहरूसँग उहाँ प्रसन्न हुनुहुन्छ, तिनीहरूलाई शान्ति!'




जसरी मरियम, योसेफ, गोठालाहरू र ती ज्योतिषीहरूले येशूलाई सम्मान र आराधना गरे, हामीले पनि त्यसरी नै उहाँलाई सम्मान र आदर गर्नुपर्छ।

*म हरेक दिन तपाईंको प्रशंसा गर्न चाहन्छु!*

# समर्पण


हे येशू, म तपाईंलाई मेरा प्रभु मानेर तपाईंलाई पछ्याउन चाहन्छु। तपाईं जसरी चाहनुहुन्छ त्यसरी मलाई परिवर्तन गर्नुहोस्।




**कण्ठ गर्नुपर्ने पद**

तिमीहरू मलाई 'गुरु' र 'प्रभु' भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ। - यूहन्ना 13:13

पत्रुसले अचानक येशूले भन्नुभएको वचन सम्झे र रुँदै त्यहाँबाट भागे। तिनी धेरै दुःखी बने। येशूले पत्रुसलाई त्याग्नुभएन। उहाँको पुनरुत्थानपछि उहाँले पत्रुसको साथमा बिहानको नास्ता खानुभयो र तिनलाई क्षमा दिनुभयो। पत्रुस उहाँको चेला बनेको र तिनले अझ अरू धेरै चेलाहरू बनाएको येशू चाहनुहुन्थ्यो। पत्रुस सिद्ध नभए पनि तिनले येशूलाई प्रभुको रूपमा पछ्याउन चाहन्थे भन्ने कुरा येशूले जान्नुहुन्थ्यो।




निर्भरता
मलाई तपाईंको पवित्र आत्माले भर्नुहोस्।
म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरुलाई अर्को। सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरुसँग सदासर्वदा रहनुहुनेछ।
अहो!
कति अचम्मको!
येशूले भन्नुभयो, 'म गइरहेछु र धेरै टाढा जाँदैछु, यस्तो ठाउँमा, जहाँ तिमीहरू आउन सक्दैनौं। तर चिन्ता नगर, म यहाँ मेरा आत्मालाई तिमीहरूका निम्ति छोडिराख्नेछु।' येशू क्रूसमा मर्नुभन्दा। र स्वर्गमा उहाँका पिताको दाहिने हातपट्टि बस्नुभन्दा ठीक अघि यस्तै भएको थियो। उहाँले हामीलाई एकलो छाड्नुभएन।
कण्ठ गर्नुपर्ने पद
पवित्र आत्माले भरिपूर्ण होओ।
-एफिसी ख 5:18

येशूले चर्चलाई तिनीहरूका मिसन सुरु गर्न सहायता गर्नका निम्ति उहाँका आत्मा पठाउनुभयो। केही समय नबित्दै पेन्तिकोस भनिने एक विशेष दिनमा ठूलो बतास चल्यो, अनि उहाँले सबै जनालाई पवित्र आत्माले भरिदिनुभयो।




उहाँका आत्मा सधैं हाम्रो सल्लाहकार, हाम्रा शिक्षक र हाम्रो मार्गदर्शकको रूपमा हाम्रो साथमा हुनुहुन्छ।

*हे येशू, मलाई तपाईंका पवित्र आत्माले भरेर अझ बढी तपाईंजस्तो बनाउनु होस्।*




# प्रभाव

**मलाई तपाईंको अनुग्रह, सत्यता र न्यायको साधन बनाउनुहोस्।**

चेलाहरूले येशूलाई सोधे, 'स्वर्गको राज्यमा सबैभन्दा महान् को हो? येशूले तिनीहरूका मनको विचार थाहा पाएर एउटा बालकलाई बोलाउनुभयो। उहाँले आफ्ना चेलाहरूसँग आँखा जुझाएर एउटा अचम्मको कुरा भन्नुभयो, 'जसले यो सानो बालकजस्तै आफूलाई नम्र तुल्याउँछ, त्यही स्वर्गको राज्यमा सबैभन्दा महान् हुनेछ।'

**कण्ठ गर्नुपर्ने पद**

**हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएका एकमात्र पुत्रको जस्तो थियो। - यूहन्ना 1:14**

येशूमा न्याय गर्ने हृदय थियो। उहाँले भन्नुभयो कि बाल-बालिकाहरूलाई चोट पुऱ्याउने कसैको पनि अवस्था डरलाग्दो हुनेछ। उहाँले जवान, रोगी र गरिबलगायत हेला गरिएका मानिसहरूलाई सधैँ सहायता गर्नुभयो।




येशूले अझ धेरै अचम्मका केही कुरा भन्नुभयो, 'जसले मेरो नाउँमा एउटा यस्तो बालकलाई ग्रहण गर्छ, त्यसले मलाई ग्रहण गर्छ।'

*म पनि सधैं सत्य बोल्ने कोसिस गर्नेछु।*

# चेलापन

मलाई तपाईंको महिमा र अरूहरूलाई तपाईंको पछि लाग्ने निमन्त्रणा दिनका लागि प्रयोग गर्नुहोस्।




पावल बाइबलमा एक महत्त्वपूर्ण व्यक्ति हुन्। तिनले नयाँ करारका धेरै वटा पुस्तकहरू लेखे। तर एक पल्ट पावल ख्रीष्टलाई घृणा गर्ने र उहाँको शत्रु थिए। तिनले ख्रीष्टका अनुयायीहरूको हत्या गरे। तर येशूले तिनलाई परिवर्तन गर्नुभयो।

**कण्ठ गर्नुपर्ने पद**

यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ। - मत्ती 28:19

एक दिन शाऊल (तिनको नाउँ पावलमा परिवर्तन हुनुअघि) बाटोमा जाँदैथिए। अचानक स्वर्गबाट एउटा ज्योति चम्क्यो। तिनी भूइँमा लोटे। त्यसले तिनलाई अन्धो बनायो। अनि शाऊलले यसो भन्ने आवाज सुने, 'शाऊल, शाऊल, तिमी किन मलाई सताउँछौं?' शाऊलले भने, 'प्रभु, तपाईं को हुनुहुन्छ?' अनि उहाँले भन्नुभयो, 'म येशू हुँ, जसलाई तिमी सताउँदछौ।' पावल भयभीत बनेर कापिँरहेका थिए। तीन दिनसम्म तिनले केही देख्न सकेनन्।



परमेश्वरले शाऊललाई निको पार्नुभयो, र तिनी जहाँ-जहाँ गए त्यहाँ येशूको बारेमा प्रचार र गर्न शिक्षा दिन थाले। शाऊलको नाउँ परिवर्तन गरी पावल बनाइयो। तिनले येशूका निम्ति संसारलाई उलटपुलट पारे, सारा महिमा परमेश्वरलाई दिए अनि अरूहरूलाई पनि त्यसै गर्न सिकाए।

*म येशूको पछि लाग्ने निमन्त्रणा कसलाई दिन सक्छु?*

# अधिकार

येशूको नाउँमा म प्रार्थना गर्दछु। आमिन




**कण्ठ गर्नुपर्ने पद**

त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ। फिलिप्पी 2:9

बारतिमैले कराएर भने, “हे प्रभु, ममाथि दया गर्नुहोस्!”
बारतिमैका वरिपरि भएका मानिसहरू दयाहीन थिए। तिनीहरूले हप्काउँदै भने, 'ए चूप लाग!' तर बारतिमै अझ ठूलो सोरमा कराइरहे। येशूले तिनको पुकार सुनेर भन्नुभयो, 'उसलाई मकहाँ ल्याओ।' बारतिमै आफ्नो खास्टो फालेर दगुर्दै येशूकहाँ आयो। येशूले सोध्नुभयो, 'तिमी के चाहन्छौ?' बारतिमैले भने, 'म दृष्टि पाऊँ।'




बारतिमैले येशूसँग मानिसहरूलाई निको पार्ने शक्ति छ भनी विश्वास गरे। तिनले दृष्टि पाएपछि पहिलो पल्ट येशूको अनुहार देख्दा तिनी कति खुशी भए होलान् त्यो तिमी कल्पना गर्न सक्छौ।

*बारतिमैले उहाँलाई पुकार्दा येशूले तिनलाई जवाफ दिनुभयो, अनि येशूले तिमीलाई पनि जवाफ दिनुहुनेछ।*

# गर्नुपर्ने कार्य चरणहरू



1. प्रार्थनाको करार दोहोर्‍याएर पढ।
2. चालीस दिनसम्म प्रार्थनाका करारका निम्ति प्रार्थना गर।
3. प्रार्थनासम्बन्धी बाइबल पदहरू कण्ठ गर।



4. सही वा गलतमा गोलाकार बनाऊ र उत्तरहरूबारे छलफल गर।

| | |
|---|---|
| परमेश्वरको अनुग्रहले मलाई उहाँको प्रिय सन्तान बनाएको छ। | सही/ गलत |
| आज्ञापालन गर्दा आशिष् पाइन्छ। | सही/ गलत |
| हामीले तिनीहरूलाई मात्र प्रेम गर्नुपर्छ, जसले हामीलाई पनि प्रेम गर्छन्। | सही/ गलत |
| येशू हामीले अरूहरूलाई क्षमा गर्नुपर्छ मनमा कुनै गुनासो नराखौं भन्ने चाहनुहुन्छ। | सही/ गलत |
| हामी खुशी हुँदा मात्र हामीले परमेश्वरको प्रशंसा गर्नुपर्छ। | सही/ गलत |
| जब हामी येशूको पछि लाग्न समर्पित हुन्छौं उहाँले हामीलाई अझ बढी उहाँजस्तै बनाउनुहुन्छ। | सही/ गलत |
| पवित्र आत्मा हाम्रा मार्गदर्शक हुनुहुन्छ। | सही/ गलत |
| येशूसँग बाल-बालिकाहरूका निम्ति समय थिएन। | सही/ गलत |
| परमेश्वरले उमेर पुगेका मानिसहरूलाई मात्र अरूहरूलाई येशूको बारेमा बताउन प्रयोग गर्नुहुन्छ। | सही/ गलत |
| स्वर्ग र पृथ्वीका समस्त अधिकार परमेश्वरको हो। | सही/ गलत |
| प्रार्थना एउटा शक्ति हो, किनकि येशूको नाउँमा शक्ति छ। | सही/ गलत |
| मैले प्रार्थना गर्दा परमेश्वरले सुन्नुहुन्छ। | सही/ गलत |

**मेरा नाउँ** ____________________ हो,
अनि आजबाट मैले बाल-बालिकाहरूको प्रार्थनाको करारको प्रार्थना गर्न थालें।

**आजको मितिः** ____________________

**मेरा प्रार्थना करार मित्रहरू**

| | |
|---|---|
| नाउँ | मिति |
| नाउँ | मिति |
| नाउँ | मिति |

बाल-बालिकाहरूका निम्ति

# प्रार्थनाको करार

## को प्रार्थना कसरी गर्नु

**चरण 1** दश दिनसम्म प्रत्येक दिन तिमी आफैले त्यो प्रार्थना गर।

**चरण 2** त्यो प्रार्थना गर्दा तिमीले कुन व्यक्तिलाई प्रार्थनाको करारमा निम्त्याएको उहाँ चाहनुहुन्छ, त्यो देखाइदिने बिन्ती गर।

**चरण 3** तिमीले उनीहरूका निम्ति प्रार्थना गर्दा त्यस व्यक्तिलाई चालीस दिनसम्म तिम्रो निम्ति त्यो प्रार्थना गर्न निम्त्याऊ।

**चरण 4** परमेश्वरले तिम्रा प्रार्थनाका उत्तरहरू कसरी दिइरहनुभएको छ त्यो तिम्रा प्रार्थना मित्रलाई बताऊ। तिमी त्यो लेखेर राख्न वा चित्र बनाउन पनि सक्छौ।

**चरण 5** तोकिएका बाइबल पदहरू कण्ठ गर।

**चरण 6** अरूहरूलाई येशूको सुसमाचार सुनाऊ।

**चरण 7** नयाँ साथीसँग माथिका चरणहरू दोहोऱ्याऊ, र तिमीहरू दुवै एकसाथ येशूको पछि लाग्न सक।

# बधाई

तपाईंलाई बधाई छ, तपाईंले बाल-बालिकाहरूको प्रार्थनाको करार पाठ्यक्रम पूरा गर्नुभएको छ अनि जीवन परिवर्तन गर्ने परमेश्वरको प्रेम र अनुग्रहको बारेमा सबै कुरा बुझ्नुभएको छ। तपाईं व्यक्तिगत रूपले उहाँको प्रेम, अनुग्रह, दया र क्षमाको अनुभव गर्न सक्नुहुन्छ।

त्यो कथाको भेडाजस्तै हामी पापले गर्दा बरालिएर हराएका छौं। हामी परमेश्वरबाट अलग भएका छौं। तर हामीलाई हाम्रा पापबाट छुटकारा दिन येशू, असल गोठालो आउनुभयो। उहाँ हाम्रा पापको मूल्य तिर्न क्रूसमा मर्नुभयो र तीन दिनपछि मरेकोबाट फेरि जीवित हुनुभयो। यदि हामीले उहाँलाई आफ्ना व्यक्तिगत प्रभु र मुक्तिदाताको रूपमा उहाँलाई आफ्नो हृदयमा ग्रहण गऱ्यौं भने उहाँले हामीलाई क्षमा दिनुहुन्छ। त्यो कथामा गोठालोले त्यो हराएको भेडालाई खोजेझैं उहाँले तपाईंलाई खोजिरहनुभएको छ।

यदि तपाईंले विश्वास गर्दै यो सरल प्रार्थना गर्नुभयो भने तपाईं सधैंभरिका लागि येशूको बन्नुहुनेछ र तपाईंको अनन्तता उहाँको साथमा बिताउनुहुनेछ। यो प्रार्थना गर्नुहोस्,

*हे स्वर्गमा हुनुहुने पिता,*

*म मेरा पापहरूका निम्ति दुःखी छु। मलाई धोएर शुद्ध पार्नुहोस्।*
*म तपाईंलाई मेरो हृदयमा प्रभु र उद्धारकर्ताको रूपमा ग्रहण गर्दछु।*
*मलाई प्रेम गर्नुभएका र तपाईंको सन्तान बनाउनुभएका निम्ति धन्यवाद।*

*येशूको नाउँमा म प्रार्थना गर्दछु, आमिन।*

जसरी हराएको भेडा भेट्टाउँदा त्यो गोठालो आनन्दित भएको थियो, त्यसरी नै येशू आनन्दित हुनुभएको छ। उहाँ भन्नुहुन्छ, 'परमप्रभु तेरा परमेश्वर तँसित हुनुहुन्छ। उहाँ बचाउनलाई सामर्थी हुनुहुन्छ। उहाँ तँसित अत्यन्तै आनन्दित हुनुहुन्छ'(सपन्याह ३:१७)।

अब तपाईं परमेश्वरको अचम्मको अनुग्रहको सुसमाचार अरूहरूलाई बताउन थाल्नुहुन्छ र येशूको पछि लाग्नुको अर्थ के हो त्यो सँगसँगै सिक्न सक्नुहुन्छ।

## बाल-बालिकाहरूको

# प्रार्थनाको करार

**अनुग्रह** स्वर्गमा हुनुहुने प्रिय पिता, मलाई प्रेम गर्नुभएकोमा र मलाई तपाईंका सन्तानमध्ये एक बनाउनुभएकोमा तपाईंलाई धन्यवाद छ।

**प्रेम** तपाईंलाई प्रेम गर्न र तपाईंको आज्ञापालन गर्न मलाई सहायता गर्नुहोस्।

**दया** तपाईं जसरी मलाई प्रेम गर्नुहुन्छ त्यसरी अरूहरूलाई प्रेम गर्न मलाई सहायता गर्नुहोस्।

**पश्चात्ताप** म मेरा पापहरूका निम्ति दुःखी छु। मलाई धोएर सफा तुल्याउनुहोस्।

**आराधना** म मेरो सारा हृदयले तपाईंको प्रशंसा गर्नेछु।

**समर्पण** हे येशू, म तपाईंलाई मेरा प्रभु मानेर तपाईंलाई पछ्याउन चाहन्छु। तपाईं जसरी चाहनुहुन्छ त्यसरी मलाई परिवर्तन गर्नुहोस्।

**निर्भरता** मलाई तपाईंका पवित्र आत्माले भर्नुहोस्।

**प्रभाव** मलाई तपाईंको अनुग्रह, सत्यता र न्यायको साधन बनाउनुहोस्।

**चेलापन** मलाई तपाईंको महिमा र अरूहरूलाई तपाईंको पछि लाग्ने निमन्त्रणा दिनका लागि प्रयोग गर्नुहोस्।

**अधिकार** येशूको नाउँमा म प्रार्थना गर्दछु। आमिन

40 DAY PRAYER COVENANT For Kids!

Copyright © 2016 by Candy Marballi. All rights reserved.
Illustrations by Luke Flowers. The Prayer Covenant for Kids adapted from The Power of the Prayer Covenant for Kids, by Candy Marballi with Stephen Eyre

www.theprayercovenant.org

Nepali